# सौंगुरीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार, धनकुटा ।
१ नं. प्रदेश, नेपाल

*नदीजन्य पदार्थ बिक्री कर संकलन गर्ने E-Bidding बोलपत्र आह्वानको सूचना ।*

प्रथम पटक प्रकाशित मिति २०७९/०४/२५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम सौंगुरीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भेडेटार, धनकुटाले तपशिल बमोजिमका खोलाहरूबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ उत्खनन तथा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु परेकोले इजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिवृद्धी कर तथा आ.ब. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गरी इच्छुक फर्म तथा कम्पनीहरुले निम्न बमोजिमके रीत पुर्याइ E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | उत्खनन परिमाण | न्यूनतम ठेक्का अंक रू.(भ्याट बाहेक) | धरौटी रकम रू | बोलपत्र मुल्य रू. |
|---|---|---|---|---|---|---|
| १ | SRM/Rajaswa/01/2079/080 | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरू मध्ये लेउतीखोला, तमोर नदी तथा ढिस्को अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुंगा, गिट्टी, बालुवा संकलन, बिक्री कर असुली । | ढुंगा, गटी, (१४०८५९० क्यु.फि.)<br>बालुवा (१४५३२२९ क्यु.फि.) | १५४००००.०० | ७७००००.०० वा १२० दिन म्याद भएको बैंक जमानत | ३०००.०० |

**शर्तहरू:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र नवील बैंक लि.शाखा कार्यालय सौंगुरीगढीमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. २११०१०१७५०००५८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र www.bolpatra.gov.np बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहारू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै पछिको कार्यालय खोल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।माथि उल्लिखित धरौटी रकम यस कार्यालयको नेपाल बंगलादेश बैक लि. सौंगुरीगढी शाखामा रहेको धरौटी खाता नं. २११०१०१७५०००३७ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विडवण्ड स्क्यान गरी E-bidding मार्फत पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र विधुतीय माध्यमद्वारा अपलोड गर्नु पर्नेछ ।

२०७९/४/२५
मनोज कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।रीत पूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ ।दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ ।बोलपत्रदाताले कबोल गरेको अंकको १३ प्रतिशत मु.अ.कर रकम राजस्व शिर्षक नं. ३३३१७ मा अग्रीम दाखिला गर्नु पर्नेछ । नियमानुसार लाग्ने अन्य कर तथा दस्तुर वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ ।यस गाँउपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. प्रदेश आर्थिक ऐन २०७९ मा भएको व्यवस्था वमोजिम ठेक्का सकारकर्ताले एकमुष्ट रकम दाखिला गरेमा कबोल अकको १० दश प्रतिशतसम्म छुट दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत